शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र नेपाल शिक्षक महासंघ विच नेपाल शिक्षक महासंघका मागमा सम्बन्धमा भएका सम्झौताका बुदाँहरु

| क्र.स. | मागहरु | वर्तमान अवस्था | गर्नुपर्ने काम | सहायक निकाय | मुख्य निकाय |
|---|---|---|---|---|---|
| १. | कुल बजेटको २० प्रतिशत शिक्षाको लागि छुट्याउने | शिक्षामा विस प्रतिशत छुट्याउने अन्तराष्ट्रिय अभ्यास नै भएको तर नेपालमा शिक्षामा सो अनुरुप वजेटको व्यवस्थापन हुन नसकेको, संघमा ...., प्रदेशमा ..... र स्थानीय तहमा ....... वजेटको व्यवस्था भएको ( औषतमा) | (क) आगामी आ.व.बाट तिनै तहमा गरी शिक्षामा विस प्रतिशत वजेट सुनिश्चित गर्ने व्यवस्था मिलाउने (ख) कोभिडको कारणले भएको शैक्षिक क्षति न्यूनिकरण गर्न वजेट सहितको थप कार्यक्रमको प्रबन्ध गर्ने । | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | नेपाल सरकार, |
| २. | संविधानको धारा ३१ मा भएको व्यवस्था अनुसार माध्यमिक तहको शिक्षा निशुल्क हुने प्रवन्ध व्यवहारमा लागू गर्ने | माध्यमिक तह सम्म शिक्षण शुल्क, परीक्षा शुल्क पाठ्यपुस्तक,  शिक्षक तलवभत्ता सबै नेपाल सरकारबाट खर्च भएको, | अनिवार्य तथा निशुल्क शिक्षा ऐन,२०७५ तथा नियमावली, २०७७ मा भएको व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन गर्ने | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | नेपाल सरकार, |
| ३. | विद्यालय पाठ्यक्रमको निर्माणको अधिकार संघमा हुनु पर्ने | स्थानीय तहको पाठ्यक्रमको निर्माण गर्ने अधिकार विद्यालय तथा स्थानीय तहमा रहेको र अन्य विषयहरुको पाठ्यकम निर्माणको अधिकार पाठ्यक्रम विकास केन्द्रलाई रहेको | पाठ्यक्रम निर्माणको वर्तमान अभ्यासलाई नै संस्थागत गरी अव बन्ने संघिय शिक्षा ऐनमा उक्त विषयलाई समेटिनु पर्ने साथै राष्ट्रिय पाठ्यक्रम प्रारुप अनुरुप स्थानीय पाठ्यक्रमको निर्माण र स्वीकृतीको व्यवस्था गरी कार्यान्वयन गर्नुपर्ने । | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | नेपाल सरकार, |
| ४. | शिक्षक तथा विद्यालय कर्मचारीको आधिकारीक ट्रेड युनियन नेपाल शिक्षक महासंघ रहने | शिक्षा ऐन, २०२८ मा नेपाल शिक्षक महासंघको व्यवस्था रहेको, जिल्ला शिक्षा समिति लगायत जिल्लास्तरको समितिहरुमा महासंघको प्रतिनिधित्व हुने गरेको | संघ, प्रदेश तथा स्थानीय स्तरको शैक्षिक तथा पेशागत मुद्दामा पक्षीकरण तथा पैरवी गर्न त्यहाँका सरोकारका सबै शिक्षा सम्बन्धी समितिहरुमा महासंघको प्रतिनिधित्व गर्ने व्यवस्थालाई संघिय शिक्षा ऐनले नै निर्देशित गर्नुपर्ने । | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | नेपाल सरकार, |
| ५. | शिक्षण काउन्सिलको व्यवस्था | हाल सम्म यस सम्बन्धी कुनै कानुनी व्यवस्था नभएको | शिक्षकको दर्ता,अध्यापन अनुमतिपत्र प्रदान गर्ने, खारेजी गर्ने, शिक्षक तथा विद्यालयका कर्मचारीको पेशागत विकास लगायतका कार्य गर्न एक शिक्षण काउन्सिल  संघिय शिक्षा ऐन व्यवस्था हुनु पर्ने । | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | नेपाल सरकार, |

| क्र.स. | मागहरु | वर्तमान अवस्था | गर्नुपर्ने काम | सहायक निकाय | मुख्य निकाय |
|---|---|---|---|---|---|
| ६. | संघिय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अर्न्तगत कायम रहेको शिक्षा विकास तथा समन्वय इकाइको नाम परिवर्तन गरी जिल्ला शिक्षा कार्यालय राख्नु पर्ने र जिम्मेवारी थप गर्नु पर्ने | हाल शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत शिक्षा विकास तथा समन्वय इकाइको व्यवस्था भएको र उक्त निकायले समन्वयको भुमिका मात्र खेलेको | ,(क) प्रस्तावित संघिय शिक्षा ऐनमा शिक्षा विकास तथा समन्वय इकाइको नाम परिवर्तन गरी जिल्ला शिक्षा कार्यालयको व्यवस्था गर्ने र तोकिएको काम, कर्तव्यमा पुनरावलोकन गर्ने,<br>(ख) मिति २०७५।११।९मा भएको सम्झौताको बुदाँ नं. ३को (ग) अनुसार संघिय सरकारको मातहतमा रहने र प्रदेशको समेत काम गर्ने गरी जिल्ला शिक्षा कार्यालयको काम, कर्तव्य र अधिकार व्यवस्थित गर्ने । | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | नेपाल सरकार, |
| ७. | शिक्षकको जिल्ला भित्रको सरुवा र जिल्लान्तर सरुवा स्थानीय तह र विद्यालय व्यवस्थापन समितिको सिफारिसमा जिल्लाको शिक्षा विकास तथा समन्वय इकाइले गर्ने | मौजुदा शिक्षा ऐनमा उक्त व्यवस्था रही कार्यान्वयनमा आएको तर कतिपय स्थानीय तहले उक्त ऐन विपरित आफुखुसी जिल्लान्तर सरुवा समेत गरेको | तोकिएको प्रक्रिया पूरा गरी आएका शिक्षकहरुको स्थानीय तह भित्रको सरुवा स्थानीय तहले गर्ने र जिल्लान्तर तथा जिल्ला भित्रको अन्तर स्थानीय तह सरुवा शिक्षा विकास तथा समन्वय इकाइ मार्फत गर्ने व्यवस्था मिलाउने । | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | नेपाल सरकार, |
| ८. | विद्यालय व्यवस्थापन गठनमा सबै विद्यालयमा एकरुपता कायम गर्ने । उक्त समिति गठन गर्दा अध्यक्ष र बहुमत सदस्य सम्बन्धित विद्यालयका अभिभावकबाट हुने प्रबन्ध गर्ने र वडाबाट निर्वाचित अध्यक्ष र निजले तोकेको सदस्य पदेन सदस्य हुने व्यवस्था गर्ने | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा विद्यालय व्यवस्थापन समितिको गठन गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरेको साथै मौजुदा शिक्षा ऐन तथा नियमावलीमा विद्यालय व्यवस्थापन समितिमा रहने पदाधिकारी तथा गठन प्रक्रिया समेत उल्लेख भएकोले वि.व्य.स. गठन स्थानीय तह अनुसार आफ्नै तरिकाले हुदै आएको | ,(क) विद्यालय व्यवस्थापन समिति गठनको लागि संघिय शिक्षा ऐनमा आवश्यक मापदण्ड उल्लेख गरी एकरुपता कायम गरिनु पर्ने ।<br>(ख) सम्झौताको बुदाँ नं ३ को (घ) मा उल्लेख भए बमोजिम सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा अभिभावकले आफुहरु मध्येबाट छनोट गर्ने र शिक्षक/ कर्मचारीबाट एक जना सदस्य रहने र प्रधानाध्यापक पदेन सदस्य सचिव रहनेगरी पहल गर्ने। (ग) अभिभावकको परिभाषामा बाजे बजै माता पिता मात्र हुन पाउने व्यवस्था गर्ने । | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | नेपाल सरकार, |
| ९. | संवैधानिक राष्ट्रिय शिक्षा आयोगको व्यवस्था गर्ने | हाल यस्तो कुनै व्यवस्था नरहेको | सुझावको रुपमा नेपाल सरकार समक्ष पेश गर्ने । | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | नेपाल सरकार, |

| क्र.स. | मागहरु | वर्तमान अवस्था | गर्नुपर्ने काम | सहायक निकाय | मुख्य निकाय |
|---|---|---|---|---|---|
| १०. | संवैधानिक शिक्षक सेवा आयोगको व्यवस्था गर्ने | हाल शिक्षा ऐन अन्तर्गत शिक्षक सेवा आयोग नियमावली निर्माण भई सो अनुरुप शिक्षक सेवा आयोगको व्यवस्था भइ कार्य भइराखेको | सुझावको रुपमा नेपाल सरकार समक्ष पेश गर्ने । | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | नेपाल सरकार, |
| ११. | विद्यालय तहको शिक्षालाई संघ, प्रदेस र स्थानीय सरकारको साझा सुचीमा राख्ने | आधारभूत तथा माध्यमिक शिक्षाको अधिकार स्थानीय सरकारको एकल अधिकार सूचीमा रहेको र शिक्षा साझा सूचीमा समेत रहेको | सुझावको रुपमा नेपाल सरकार समक्ष प्रस्तुत गर्ने । | शिक्षा, विज्ञान तथा प्रविभि मन्त्रालय | नेपाल सरकार, |
| १२. | सबै प्रदेश तथा स्थानीय तहले वनाउने शिक्षा ऐनमा एकरुपता हुनु पर्ने | हाल संघिय शिक्षा ऐन नभएकोले समस्याको रुपमा देखिएको | संघिय शिक्षा ऐनले प्रदेश तथा स्थानीय तहको ऐनको आधारभूत स्वरुपको बारे मार्गदर्शन गर्ने । | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | नेपाल सरकार, |
| १३. | शिक्षक तथा विद्यार्थीलाई कोभिड विरुद्धको खोप अविलम्ब उपलब्ध गराइयोस र संक्रमित शिक्षक कर्मचारीको निशुल्क विमाको व्यवस्था गरियोस साथै ज्यान गुमाएका कर्मचारीका परिवारको लागि क्षतिपूर्तिको प्रबन्ध | शिक्षक तथा कर्मचारी र विद्यार्थीहरुलाई कोभिड विरुद्धको खोप लगाउन शुरु भइसकेको र यसको लागि शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले काम गरिरहेको | ,(क) प्राथमिकताको साथ खोपको व्यवस्था गर्दे जाने साथै निजामती कर्मचारी सरह विमा व्यवस्था गर्ने । (ख) कोरोनाको कारण मृत्यु भएका शिक्षक तथा कर्मचारीको लागि निजामति सरह राहत प्याकेजको लागि पहल गर्ने । | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | नपाल सरकार, |
| १४. | बाल कक्षा शिक्षक तथा कर्मचारीहरुको लागि अविलम्ब उचित तलवको व्यवस्था गर्ने | यस आ.व. देखि वालविकास तथा कर्मचारीहरुको न्युनतम तलव उपलब्ध गराउने व्यवस्था गरिएको जसमा संघिय सरकारले उपलब्ध गराएको पारिश्रमिकका नपुग रकम स्थानीय तहले दिने व्यवस्था भएको | ,(क) विद्यालयको कर्मचारीको तह अनुसार न्युनतम तलवमान एकीन गर्नुपर्ने । (ख) हाल नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक यसै आ.व. देखि प्राप्तीको सुनिश्चितता गर्ने गरी परिपत्र गर्ने । (ग) आगामी आर्थिक वर्षबाट बालविकास शिक्षक तथा कर्मचारीको तलवभत्ता संघीय सरकारले नै दिने व्यवस्था मिलाउने । | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | नेपाल सरकार, |
| १५. | संघिय शिक्षा ऐन नबन्दै स्थानीय तहले जथाभावी ऐन तथा कार्यविधि वनाएर कार्यान्वयन गरेको कार्य अविलम्ब रोक्ने | यस विषयमा परिपत्र भइसकेको, सहकार्य र एक रुपताको लागि कार्य भइरहेको | सो कार्य रोक्न पुनः परिपत्र गर्ने व्यवस्था मिलाउने । | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, |
| १६. | स्थानीय तहले पूर्वाग्रही ढंगबाट गरेको शिक्षक तथा कर्मचारी सरुवा तथा पदस्थापना बदर गर्ने | शिक्षा ऐन तथा नियमावली तथा स्थानीय सरकार सञ्चालन ऐन अनुसार गर्नको लागि सहजीकरण गरिएको | प्रचलित कानुन अनुसार गर्न गराउन सम्बन्धित तहलाई परिपत्र गर्ने । | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय |

| क्र.स. | मागहरु | वर्तमान अवस्था | गर्नुपर्ने काम | सहायक निकाय | मुख्य निकाय |
|---|---|---|---|---|---|
| १७. | अव्यवहारिक तथा आग्रहप्रेरीत दरबन्दी मिलान खारेजी साथै चालु दरबन्दी कार्य रोकी अपुग दरबन्दी समेत प्रक्षेपण गरी नेपाल शिक्षक महासंघ र शिक्षा मन्त्रालय बीच भएको सहमति अनुसार दरबन्दी मिलानको कार्य अघि बढाउने | शिक्षक दरबन्दी पुर्नवितरण सुझाव कार्यदलको प्रतिवेदन अनुसार नेपाल भर दरबन्दी मिलानको कार्य हुदै गरेको | ,(क) स्थानीय तहले पूर्वाग्रह प्रेरीत रुपमा गरेको दरबन्दी मिलानलाई सुधार गर्न परिपत्र गर्नु पर्ने ।<br>(ख) २०७५।११।०९ को सम्झौताको बुदाँ नं. ५ अनुसार दरबन्दी मिलान पश्चात् आवश्यक नपुग दरबन्दी थपको लागि पहल गर्ने । | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, |
| १८. | राहत, साविक उ.मा.वि. र वाल शिक्षक कोटालाई स्वीकृत दरबन्दीमा परिणत गरी महासंघ सँग भएको सम्झौता बमाजिम शिक्षक सेवा आयोगबाट उमेरको हद नलाग्ने गरी आन्तरिक तथा खुल्ला प्रतिस्पर्धाबाट स्थायी गर्ने | राहत, साविक उमावि तथा बाल शिक्षक कोटालाई दरबन्दीमा परिणत गर्न पहल भइरहेको | ,(क) २०७५।११।०९ को सम्झौताको बुदाँ नं. ८ मा उल्लेख भए अनुसार स्वीकृत दरबन्दीमा परिणत गरी ती दरवन्दीमा कार्यरत शिक्षकलाई शिक्षक सेवा आयोगबाट आन्तरिक\खुल्ला प्रतियोगीता मार्फत स्थायी गर्दा उमेरको हद नलाग्ने गरी कानुनी व्यवस्था गर्ने । | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | नेपाल सरकार, |
| १९. | विभिन्न कारण एक पटक आन्तरिक परीक्षामा सामेल हुन नपाएका अस्थायी र करार शिक्षकलाई नियमानुसार शिक्षक सेवा आयोग मार्फत उमेरको हद नलाग्ने गरी आन्तरिक प्रतिस्पर्धामा सामेल हुने मौका दिने | यस अघिको शिक्षक सेवा आयोगको परीक्षामा सामेल हुन मौका प्रदान गरिसकिएको | ,(क) २०७५।११।०९ को सम्झौताको बुदाँ नं. १९ अनुसार एक पटकको लागि आन्तरिक प्रतियोगीता सञ्चालन गर्नको लागि पहल गर्ने,<br>(ख) विगतको आन्तरिक परिक्षामा सामेल नभएका र सामेल भइ उतिर्ण हुन नसकी सुविधा नलिएका शिक्षकहरुका हकमा छुट भएका शिक्षकहरुलाई नियमानुसार पाउने सुविधाको लागि आवश्यक व्यवस्था मिलाउने । | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, |
| २०. | स्थायी शिक्षकको लागि हरेक दश वर्षमा एक तहको बढुवाको व्यवस्था गने, शिक्षक वढुवामा विशिष्ट श्रेणी समेत कायम गरी बढुवाको अनुपात ६०:२५:१०:५ कायम गर्ने । तल्लो तहमा कार्यरत योग्यता पुगेका स्थायी शिक्षकहरुको हकमा तहगत बढुवा प्रबन्ध गर्ने । शिक्षक सेवा आयोगले लिने हरेक परीक्षामा तल्लो तहमा स्थायी भएका शिक्षकले मात्र प्रतिस्पर्धा गर्ने गरी निश्चित कोटाको प्रबन्ध गर्ने | हाल तह अनुसार श्रेणीको व्यवस्था रहेको । खुल्ला , आन्तरिक प्रतिस्पर्धा र कार्य सुम्पादनमा आधारित बढुवाको व्यवस्था रहेको | क) एउटै श्रेणीमा निरन्तर १५ वर्ष सेवा गरेका र एकपटक पनि बढुवा नभएका स्थायी शिक्षकहरुलाई एक तह(श्रेणी) बढुवा गर्ने ।<br>ख) शिक्षकको बढुवामा तृतीय, द्वितीय, प्रथम र विशिष्टगरी चार श्रेणी कायम गर्ने ।<br>ग) तल्लो तहमा कार्यरत योग्यता पुगेका स्थायी शिक्षकहरुको हकमा तहगत बढुवाको प्रबन्ध गर्ने ।<br>घ) शिक्षक सेवा आयोगले लिने हरेक परीक्षामा तल्लो तहमा स्थायी भएका शिक्षकले मात्र प्रतिस्पर्धा गर्ने गरी निश्चित कोटाको प्रबन्ध गर्ने ।<br>ङ)तहगत बढुवा प्रणाली बारे अध्ययन र छलफल गर्ने । | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | नेपाल सरकार, |

| क्र.स. | मागहरु | वर्तमान अवस्था | गर्नुपर्ने काम | सहायक निकाय | मुख्य निकाय |
|---|---|---|---|---|---|
| २१. | स्थायी भएका शिक्षकको पेन्सन तथा बढुवा प्रयोजनको लागि अस्थायी सेवा अवधि गणना गर्ने । स्थायी भएको तह र अस्थायी सेवा गरेको तह फरक भएका शिक्षकको पनि सवै अस्थायी सेवा अवधि गणना गर्ने । साथै १५ वर्ष सेवा गरिसका शिक्षकले अस्थायी अवधिबाट ५ वर्ष सेवा अवधि थप गरी सेवा निवृत्त हुन चाहेमा निवृत्भिरण सहितको सेवा निवृत्त हुन पाउने पाउने कानुनी व्यवस्था गर्ने | हाल नपुग सेवाको लागि बढीमा सात वर्ष अस्थायी सेवा अवधि गणना गरी निवृतीभरणको व्यवस्था रहेको | (क) स्थायी भएका शिक्षकको हकमा अनिवार्य अवकास हुँदा निवृत्तिभरणको अवधि नपुगेमा बढीमा १० बर्ष अवधि गणना गर्ने व्यवस्था शिक्षा ऐनमा समावेश गर्ने ।<br>(ख) ५० वर्ष उमेर पुरा भई १५ वर्ष स्थायी सेवा अवधि पुरा गरेका शिक्षक निवृत्त हुन चाहेमा निजको ५ वर्ष निरन्तर रुपमा अस्थायी सेवा अवधि रहेको भए सो समेत जोडी निवृत्तिभरणको लागि कानुनी व्यवस्था मिलाउने । | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | नेपाल सरकार, |
| २२. | सामुदायिक विद्यालयमा कार्यरत कर्मचारीको दरबन्दीलाई स्वीकृत दरबन्दीमा परिणत गर्दै उमेरको हद नलाग्ने गरी सम्झौताबमोजिम आन्तरिक प्रक्रियाबाट शिक्षक सेवा आयेग मार्फत स्थायी गर्ने । साथै लामो अवधि सेवा गरेका र उमेको हद नाघेका कर्मचारीको हकमा एकमुष्ठ सुविधा दिने | हाल यस्तो व्यवस्था नरहेको, अनुदानमा विद्यालय कर्मचारी राख्ने व्यवस्थ मात्र भएको | ,(क) सम्झौताको बुदाँ नं ७ को (ग)मा भएको व्यवस्था अनुसार विद्यालय कर्मचारीको दरबन्दीलाई स्वीकृत दरवन्दीमा परिणत गरी यस्ता दरवन्दीमा पदपूर्ति गर्दा नेपाल सरकारबाट तलबभत्ता प्राप्त गरी नियमानुसार कार्यरत कर्मचारी मध्येबाट शिक्षक सेवा आयोगले तोकेबमोजिम विज्ञापन गरी आन्तरिक प्रतियोगीताबाट पदपूर्ति गर्ने र एक पटकको लागि उमेरको हद नलाग्ने विषय संघिय शिक्षा ऐनमा प्रस्ताव गर्ने ।<br>(ख) नेपाल सरकारको अनुदान प्राप्त कोटामा रही साठी वर्ष उमेर पुरा गरी अवकाश पाएका विद्यालय कर्मचारीहरुको हकमा कानुनमा व्यवस्था गरी सुविधा उपलब्ध गराउने । | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | नेपाल सरकार, |
| २३. | संस्थागत विद्यालयका शिक्षकलाई सामुदायिक विद्यालयका शिक्षक सरह तलवभत्ता पाउने व्यवस्था । संस्थागत विद्यालयका शिक्षक तथा निजी स्रोतमा काम गरेका सामुदायिक विद्यालयका शिक्षकको लागि सामाजिक सुरक्षा कोषको प्रबन्ध । निजी विद्यालयमा अकारण निष्कासन गरेका शिक्षक तथा कर्मचारीहरुको पुर्नवहाली | न्युनतम तलवभत्ताको सम्बन्धमा प्रचलित ऐन नियमावलीमा उल्लेख भएको | ,(क)२०७५।११।०९ को सम्झौताको बुदाँ नं १८ मा उल्लेख भएको सामाजिक सुरक्षा कार्यक्रम निजी लगानीको विद्यालयमा कार्यरत शिक्षकको लागि अनिवार्य गर्ने ।<br>(ख) शिक्षा ऐन तथा नियमावलीमा उल्लेख भएको व्यवस्था प्रभावकारी कार्यान्वयन गर्ने गराउने । पेशागत विषयमा सघीय कानूनमा प्रष्ट पार्ने ।<br>(ग) संस्थागत विद्यालयको प्रभावकारी नियमन, अनुगमन तथा कार्वाहीको लागि सयन्त्र वनाउने र उक्त सयन्त्रमा महासघको प्रतिनिधित्व हुने ।<br>(घ) सबै शिक्षक कर्मचारीको रेकर्ड राख्ने व्यवस्था मिलाउने । | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | नेपाल सरकार, |

| क्र.स. | मागहरु | वर्तमान अवस्था | गर्नुपर्ने काम | सहायक निकाय | मुख्य निकाय |
|---|---|---|---|---|---|
| २४. | तालिम र अध्यापन अनुमतिपत्र विना प्रवेश नपाइने शिक्षण पेशा आफैमा प्राविधिक पेशा भएकोले सबै शिक्षकको लागि प्राविधिक ग्रेडको व्यवस्था गर्ने | वि.स. २०५७ साउन १ गते देखि प्राविधिक ग्रेडको व्यवस्था हटाइएको | सम्मानित सर्वोच्च अदालतको फैसल्ला अनुसार प्राविधिक ग्रेड छुट भएका सवै शिक्षकहरुको छुट भएको मितिवाट प्राविधिक ग्रेड पाउने व्यवस्थको प्रभावकारी कार्यान्वयनको आवश्यक अनुगमन गर्ने । | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, |
| २५. | विद्यालय शिक्षक तथा कर्मचारीको व्यवस्थित उपचार सेवाको लागि केन्द्र तथा प्रादेशिकस्तरमा अविलम्व शिक्षक अस्पतालको व्यवस्था | हाल यस्तो व्यवस्था नभएको शिक्षक अस्पताल निर्माणको लागि जग्गा छनोटको काम हुदै गरेको | ,(क) कार्यान्वयनको क्रममा रहको शिक्षक अस्पताल निर्माण प्रक्रिया सम्पन्न गरिनु पर्ने ।<br>(ख) शिक्षक अस्पताल नबन्दा सम्म शिक्षक कर्मचारीको लागि सार्वजनीक अस्पतालमा विशेष सुविधाको लागि पहल गर्ने । | | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, |
| २६. | संघ, प्रदेश र स्थानीय तहका शैक्षिक प्रशासन समान तहका पदमा निश्चित संख्यामा शिक्षकबाट काजमा ल्याउने व्यवस्था | हाल यस्तो व्यवस्था नभएको, स्थानीय तहले आवश्यकता अनुसार आफै परिचालन गरेको | स्रोत विज्ञको रुपमा शिक्षकहरुलाई परिचालन गर्न सकिने गरी मापदण्ड बनाउनु पर्ने । | | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, |
| २७. | सेवानिवृत शिक्षकहरुको पेन्सनपट्टाको नविकरण सम्बन्धित जिल्लाबाटै हुने व्यवस्था गर्ने | यसै आ.व.बाट उक्त व्यवस्था कार्यान्वयनमा आइसकेको | एक पटक निवृत्तिभरण पट्टा तयार गरेपछि सबै काम जिल्लाबाटै हुने गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउने । | राष्ट्रिय किताबखाना ( शिक्षक) | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, |
| २८. | खर्चिलो उपचार गर्नुपर्ने रोग लागेका शिक्षक तथा कर्मचारीको स्वस्थ्य उपचारमा सहयोग गर्न शिक्षक कर्मचारी समेतको सहभागीतामा शिक्षक कर्मचारी स्वास्थ्य सुरक्षा कोषको प्रबन्ध | हाल ऐन तथा नियमावलीमा विरामी विदा, औषधि उपचार खर्च तथा सेवामा कार्यरत हुदाँकै अवस्थामा दुर्घटना भए मात्र केहि सुविधा पाउने व्यवस्था भएको | निजामति सेवा सरह कडा रोगको लागि तोकिए बमोजिमको रकम उपचार खर्च पाउने व्यवस्था संघिय शिक्षा ऐनमा प्रस्ताव गर्ने । | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | नेपाल सरकार, |
| २९. | समान तहको निजामति सेवा र स्थायी शिक्षक बिच रहेको तलव भत्ता र ग्रेडमा समानता कायम गर्ने साथै स्थायी सेवा प्रवेश तथा वढुवा भएको एक वर्ष पुग्नासाथ ग्रेड पाउने व्यवस्थगर्ने | हालको व्यवस्थामा एक शैक्षिक सत्र पुरा गरेपछि मात्र ग्रेड पाउने व्यवस्था रहेको | समान तहको निजामति सेवामा भए सरहको ग्रेड पाउने व्यवस्था गरी एक वर्ष पुरा गरेपछि तोकिएको ग्रेड वृद्धिको व्यवस्था कानुनमानै समावेश गर्ने । | | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, |
| ३०. | विद्यालयको प्रधानाध्यापकको लागि छुट्टै योग्यता तोकी शिक्षक सेवा आयोग मार्फत नियुक्तिको सिफारिस हुने व्यवस्था । साथै प्रधानाध्यापक लागि खाइपाइ आएको तलवको २५ प्रतिशत अतिरिक्त भत्ताको व्यवस्था गर्ने | प्रधानाध्यापकको छनोटको व्यवस्था शिक्षा नियमावलीमा रहेको तर न्युनतम प्रा.वि. २००, नि.मा.वि ३०० र मा.वि मा ५०० मासिक भत्ताको व्यस्था रहेको | ,(क) शिक्षक महासंघ संग भएको ऐ.ऐ सम्झौताको बुदाँ नं. १६ मा उल्लेख भए अनुसार प्र.अ.को छुट्टै पद सिर्जना गर्ने ।<br>(ख) शिक्षक सेवा आयोगबाट सम्बन्धित तहमा कम्तिमा ५ वर्ष काम गरेका स्थायी शिक्षक मध्येबाट प्रतिस्पर्धा गर्ने व्यवस्था गर्ने ।<br>(ग) प्रधानाध्यापकको भत्ता न्युनतम तलब स्केलको १५ प्रतिशत हुने व्यवस्थाको लागि पहल गर्ने । | | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, |

| क्र.स. | मागहरु | वर्तमान अवस्था | गर्नुपर्ने काम | सहायक निकाय | मुख्य निकाय |
|---|---|---|---|---|---|
| ३१. | निम्न माध्यमिक द्धितिय र प्राथमिक द्धितियमा सोझै नियुक्ति भएका शिक्षकहरुको पद क्रमश माध्यमिक तृतिय र नि.मा.वि तृतिय हुने गरी समायोजन गर्ने । यदी उक्त शिक्षक अर्को तहमा वढुवा भएको छ भने सोही अनुसारको श्रेणीमा पद समायोजन गर्ने | यस सम्बन्धी कुनै व्यवस्था नरहेको | निम्न माध्यमिक द्धितिय र प्राथमिक द्धितियमा सोझै नियुक्ति भएका शिक्षकहरुको पद क्रमश माध्यमिक तृतिय र नि.मा.वि तृतिय हुने गरी समायोजन गर्ने । यदी उक्त शिक्षक अर्को तहमा वढुवा भएको छ भने सोही अनुसारको श्रेणीमा पद समायोजन गर्ने प्रवन्ध मिलाउने । | | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, |
| ३२. | शैक्षिक र प्राज्ञिक क्षेत्रको लागि छुट्टा छुट्टै मर्यादाक्रम वनाउने | यस सम्बन्धी छुट्टै व्यवस्था नभएको | ऐ.ऐ सम्झौताको बुदाँ नं १३ अनुसार छुट्टै मर्यादाक्रमको लागि आवश्यक पहल गर्ने । | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | नेपाल सरकार, |
| ३३. | गाभिएर बन्द भएका विद्यालयका भौतिक सम्पति मुल विद्यालयको नाममा हस्तानान्तरण हुने व्यवस्था मिलाउने र उक्त सम्पत्ति शैक्षिक कार्यमा उपयोग गर्ने गरी व्यवस्था मिलाउने | विद्यालय समायोजन सम्बन्धी निर्देशिकामा केही विषय उल्लेख भएको | प्रस्तावित संघिय ऐनमानै उक्त विषयलाई समावेश गरी मूल विद्यालयमा वा नजिकको सामुदायिक विद्यालयमा अचल सम्पत्ति समेत हस्तानान्तरण हुने व्यवस्था मिलाई सार्वजनीक शैक्षिक प्रयोजनमा मात्र प्रयोग गर्ने वातावतरण तयार गर्ने । | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | नेपाल सरकार, |
| ३४. | द्धन्द्ध, राजनैतिक पिडित, पेशागत आन्दोलनमा नेतृत्व गरेका शिक्षक तथा कर्मचारी व्यवस्थापनका सम्बन्धमा छानविन समिति वा आयोगले दिएका सुझाव तथा सिफारिसहरुको कार्यान्वयन गर्ने | हाल सम्म कार्यान्वयन नभएको | कार्यान्वयनको प्रक्रियामामा रहेको ऐ.ऐ. सम्झौताको बुदाँ नं १० लाई प्रभावकारी कार्यान्वयनको लागि आवश्यक व्यवस्था मिलाउने साथै नं १० को (ङ) लाई तत्काल कार्यान्वयन गर्ने । | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | नेपाल सरकार, |
| ३५. | संघ, प्रदेस स्थानीय तहको ऐन बनाउँदा सम्बन्धित स्थानीय तहहरुमा बन्ने शैक्षिक सरोकारका सबै आयोग, परिषद् काउन्सिल, समिति, कार्यदलमा नेपाल शिक्षक महासंघको प्रतिनिधित्व गर्ने कानुनी व्यवस्था गर्ने | हाल यो विषयले मूर्त रुप नलिएको | संघिय शिक्षा ऐनमा उक्त विषयलाई मार्गदर्शनको रुपमा समेटिनु पर्ने । | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | नेपाल सरकार, |
| ३६. | प्राविधिक धार, विशेष शिक्षा र र शिक्षण सिकाइ अनुदानमा कार्यरत शिक्षकहरुको हकमा स्वीकृत दरबन्दी सिर्जना गरी स्थायित्वको प्रक्रियामा लाने | हाल अनुदानको मात्र व्यवस्था भएको | प्राविधिक धार, विशेष शिक्षा तथा शिक्षण सिकाइ अनुदानलाई दरबन्दीमा परिणत गर्न पहल गर्ने । | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | नेपाल सरकार, |
| ३७. | महिला शिक्षकको प्रसुती विदा ६ महिना कायम गरी उक्त अवधिमा सट्टा शिक्षकको व्यवस्था गर्ने | प्रसुती विदा ९८ दिन दिइदै आएको | ,(क) निजामति सेवामा व्यवस्था भए अनुसार संघिय शिक्षा ऐनमा व्यवस्था गर्ने ।<br>(ख) प्रसुती विदामा रहेको अवधिमा अल्पकालिन रुपमा शिक्षक राख्न आवश्यक अनुदानको व्यवस्था मिलाउने । | | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, |

| क्र.स. | मागहरु | वर्तमान अवस्था | गर्नुपर्ने काम | सहायक निकाय | मुख्य निकाय |
|---|---|---|---|---|---|
| ३८. | विद्यालय शिक्षा सेवा संग सम्बन्धित सबै संस्थाले लिने विज्ञ सेवामा विद्यालय शिक्षक अनिवार्य उपस्थिथि हुने तथा बाहुल्यता कायम गर्ने | हाल पाठ्यक्रम निर्माण गर्दा, प्रश्नपत्र निर्माण गर्दा, शिक्षक तालिममा विज्ञको रुपमा लिइदै आएको | दातृ निकाय तथा अन्य प्रचलित कानुनमा उल्लेख भएका विषयमा सोही बमोजिम हुने गरी अन्यको हकमा सम्भव भए सम्म विद्यालयका शिक्षकको प्रतिनिधित्वमा वृद्धि गर्ने व्यवस्था मिलाउने । | | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, |
| ३९. | हचुवाको भरमा फरक सेवा, सुविधा, शर्तका शिक्षक पद सिर्जना गर्ने काम रोकी देशभर एकै प्रकारका सेवा शर्त भएका शिक्षकको प्रबन्ध गर्ने | हाल दरबन्दी, राहत, विशेष दरबन्दी, प्रशिक्षक, सहायक प्रशिक्षक, आदि फरक फरक सेवा शर्तका शिक्षकको व्यवस्था रहेको | ,(क) फरक फरक सेवा शर्त सुविधाका शिक्षक पदलाई क्रमश दरबन्दीमा रुपान्तरणको लागि पहल गरिने ।<br>(ख) फरक सेवा शर्त सुविधा भएका नयाँ खालका शिक्षकको व्यवस्थालाई निरुत्साहन गर्ने ।<br>(ग) प्रदेश तथा स्थानीय तहबाट नियुक्त हुने शिक्षकहरुको लागि समेत एक मापदण्ड तयार गरी समान सेवा शर्त र सुविधामा नियुक्तिको व्यवस्था गर्ने । | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | नेपाल सरकार, |
| ४०. | ०७८/७९को वजेटमा उल्लेख स्वास्थ्य विमा, दुर्घटना विमा तथा दशदिने पर्यटन काजको व्यवस्था | | निजामती सेवा सरहको व्यवस्थाको लागि  प्रबन्ध गर्ने । | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | नेपाल सरकार, |
| ४१. | शिक्षक कितावखानामा कर्मचारीको संख्या दोव्वर बनाउने | हाल कार्यरत कर्मचारीहरुको संख्या अति कम भइ सेवा प्रवाहमा समस्या भएको | ओ एण्ड एम सर्भे गरी आवश्यकताको आधारमा दरबन्दी सिर्जना गर्ने व्यवस्था मिलाउने । | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | नेपाल सरकार, |
| ,४२ | शिक्षक कितावखानाको वाहिर भौतिक पूर्वाधारको विकास | हाल भइरहेको भौतिक पूर्वाधार सेवा प्रवाहको दृष्टिले अपर्याप्त रहेको | भौतिक पूर्वाधार विकासको लागि आवश्यक व्यवस्था मिलाउने । | राष्ट्रिय कितावखाना (शिक्षक) | शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय, |
| ४३. | श्रीमान श्रीमती शिक्षक पेशामा स्थायी रहेको भए सबैले निवृत्तिभरण पाउनु पर्ने | हाल श्रीमान श्रीमती दुवै शिक्षण पेशामा भए एकले मात्र निवृत्तिभरण पाउने व्यवस्था रहेको | निजामती सेवामा जस्तै  शिक्षा ऐनमा उक्त व्यवस्था मिलान गर्ने प्रबन्ध मिलाउने । | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | नेपाल सरकार, |
| ४४. | गाभिएका विद्यालयमा रहेका कर्मचारीको पेशामा निरन्तरता | हाल उक्त व्यवस्था मौजुदा कानुनमा स्पष्ट नभएको | ऐ.ऐ सम्झौताको बुदाँ नं ७ को (घ)मा उल्लेख भएको व्यवस्थाको लागि आवश्यक पहल गर्ने । | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | नेपाल सरकार |
| ४५. | नेपाल शिक्षक महासंघको पदाधिकारी मध्ये बढीमा चार जनाको लागि काजको व्यवस्था गर्ने | शिक्षा नियमावलीमा दुई जना पदाधिकारीको लाथि एक पटकमा एक वर्ष नवढाइ बढीमा तीन वर्ष सम्म काजमा राख्ने व्यवस्थ रहेको | ,(क) शिक्षा नियमावलीमा हाल भएको दुइ पदाधिकारीको ठाउँमा चार जनाको काज व्यवस्थाको लागि नियमावली संशोधन गर्ने ।<br>(ख)प्रदेश ऐनको हकमा समेत प्रदेश तहबाट एक जना पदाधिकारी काजमा  रहने गरी मापदण्ड बनाइनुपर्ने । | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | नेपाल सरकार |

| क्र.स. | मागहरु | वर्तमान अवस्था | गर्नुपर्ने काम | सहायक निकाय | मुख्य निकाय |
|---|---|---|---|---|---|
| ४६. | शिक्षक आचारसहिता निर्माण र कार्यान्वयन सम्बन्धमा | शिक्षा ऐन तथा नियमावलीमा आचार संहिता उल्लेख भएको | नेपाल शिक्षक महासंघबाट प्रचलित ऐन तथा नियमावलीमा उल्लेखित आचार संहिताका अतिरिक्त शिक्षा तथा मानव स्रोत विकास केन्द्र समेतको सहभागीतामा थप आचार संहिता निर्माण गरी कार्यान्वयनको सामुहिक प्रतिवद्धता जारी गर्ने । | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | नेपाल शिक्षक महासंघ |
| ४७. | सिकाइ उपलब्धिमा सुधार गर्दै विद्यालयलाई उत्कृष्ट सिकाइ केन्द्रको रुपमा रुपान्तरण गर्ने | अभ्यास हुदै गरेको | वर्तमान सिकाइ उपलब्धिलाई आधारको रुपमा मानि त्यसमा प्रति वर्ष औषतमा सात प्रतिशत सिकाइ उपलब्धिमा सुधार गरी पाँच वर्षमा विद्यार्थीको न्युनतम सिकाइ उपलब्धि  सत्तरी प्रतिशत पुऱ्याइने । | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | नेपाल शिक्षक महासंघ |
| ४८. | सिकाइ उपलब्धिलाई शिक्षकको कार्यसम्पादन स्तर सँग जोड्ने | संघिय मामला तथा सामान्य प्रशासन मन्त्रालयले समेत करारमा कार्यरत कर्मचारीहरुको कार्यसम्पादनको आधारमा करार नविकरण गर्ने अभ्यास शुरुवात भएको र शिक्षामा यो अभ्यास शुरुवात हुन नसकेको | बुदाँ नं ४७ बमोजिम स्थायी शिक्षकहरुको सिकाइ उपलब्धिको आधारमा कार्य सम्पादन मूल्यांकन गर्ने र अस्थायी तथा राहत शिक्षकहरुको   कार्य सम्पादन मूल्यांकन गर्ने व्यवस्था मिलाउने । | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, |
| ४९. | दूर्गम क्षेत्रमा कार्यरत शिक्षकहरुले विदा(४५दिन) अवधिको समेत दूर्गम भत्ता पाउनुपर्ने | प्रहरी, सेना तथा निजामतिमा यस्तो लामो विदा नभएको | दूर्गम भत्ताका सम्वन्धमा निजामति सरह  प्रवन्ध मिलाउने । | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, |
| ५०. | नेपाल शिक्षक महासंघ संग नियमित सम्बाद हुनु पर्ने | हाल यस्तो व्यवस्था नभएको, शिक्षा ऐन तथा नियमावलीले तोकेको समितिको आधारमा मात्र सम्बाद हुने गरेको । | शैक्षिक सरोकारका विषयहरुमा सबै तहमा  नेपाल शिक्षक महासंघ बिच नियमित सम्बाद हुने व्यवस्था मिलाउने । | | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, |
| ५१. | वि.स. २०७५ फाल्गुन ०९ को सम्झौताको कार्यान्वयन गर्ने | कार्यान्वयन हुदै गरेको | वि.स. २०७५ फाल्गुन ०९ को सम्झौताका बाँकी बुँदाहरु आवश्यकता अनुसार संघिय शिक्षा ऐन, नियमावली तथा प्रचलित कानुनमा व्यवस्था गरेर कार्यान्वयन गर्दै जाने । | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | नेपाल सरकार |